# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०७७/०७८
च.नं. ३४१८

मिति: २०७७/१२/२९

विषयः जानकारी गराइ दिने सम्बन्धमा

श्री वडा कार्यालय सबै
धनगढी उप महानगरपालिका।

उपरोक्त सम्बन्धमा घरेलु तथा साना उद्योग कार्यालय धनगढीको च.नं.३६८७ मिति २०७७/१२/२५को प्राप्त पत्र र सो संग संलग्न औद्योगिक प्रवर्द्धन बोर्डको २२४औ बैठकको निर्णय अनुसार भुसे इटा उद्योगलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्न अन्तिम पटक निर्णय मितिले १ वर्ष का लागी समय सिमा थप गर्ने र उक्त अवधि भित्र आधुनिक प्रविधिमा रुपान्तरण नगर्ने भुसे इटा उद्योगहरुको स्वतः दर्ता खारेज हुने भन्ने व्यहोराको पत्र प्राप्त भएकोले ताहाँ वडा भित्र रहेका भुसे इटा उद्योगीहरुलाई जानकारी गराइदिन हुन मिति २०७४/१०/२९ को औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय प्रतिलिपि यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध गरिन्छ।

हरि सिह साउद
अधिकृतस्तर सातौं

हरि सिंह साउद
अधिकृत स्तर सातौं

नगर प्रमुखः ०९१-५२१७४३, नगर उप-प्रमुखः ०९१-५२०८७४, प्रमुख प्रशासकीय अधिकृतः ०९१-५२०४२९, प्रमुख प्रशासकीय अधिकृतको निवासः ०९१-५२६४८७, योजना शाखाः ०९१-५२५५०६, आ.ले.प.शाखाः०९१-५२०७२९, प्रशासन शाखाः ०९१-५२१४२९, लेखा शाखाः०९१-५२१५२९, फ्याक्सः ०९१-५२०४२९, दमकलः१०१, वेव साईटः www.dhangadhimun.gov.np, ईमेल ठेगानाः dhangadhimun2013@gmail.com

मिति २०७४ माघ २९ गते माननीय उद्योग मन्त्री सुनिल बहादुर थापाज्यूको अध्यक्षतामा उ मन्त्रालयको सभाकक्षमा बसेको औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा १८ बमोजिमको उ तथा लगानी प्रवर्द्धन बोर्डको २२४ औं बैठकमा देहाय बमोजिम निर्णय भयो ।

**निर्णय नं. १. वन पैदाबारमा आधारित उद्योगहरुको वन दुरी सम्बन्धमा ।**

वन पैदावारमा आधारित उद्योग रहने स्थान र वन क्षेत्र विच कायम रहेको विद्यमान दुरी सम्बन्धमा मि २०७४।०६।२६ गतेको निर्णय तथा वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०७४।०४।११ को राय अनुर उच्च एंव मध्य पहाडी क्षेत्रमा ३६ इन्च तथा सो भन्दा बढी साईजको आरा रहने सबै खाले उद्योग (स:मिल स ) १.५ कि.मि. दुरीको सट्टामा १ कि.मि. को दुरी साथै चुरे र भित्री मधेशको हकमा राष्ट्रिय निकुञ्ज, वन्यज आरक्षको मध्यवर्ती क्षेत्र साविककै ३ (तीन) कि.मी. कायम गर्ने र मध्यवर्ती क्षेत्र बाहिर वन क्षेत्रबाट एक( कि.मी. दुरी मात्र कायम राख्ने निर्णय गरियो ।

**निर्णय नं. २ भुसे इटा उद्योगहरुलाई आधुनिक प्रविधिमा रुपान्तरण गर्नेका लागि म्याद थप सम्बन्धम**

भुसे इटा उद्योगी व्यवसायीहरुको मागलाई सम्बोधन गर्दै भुसे इटा उद्योगको सम्बन्धमा गठित कार्यदलले पे गरेको प्रतिवेदनमा उल्लेखित सुझावलाई अनिवार्य रुपमा पालना गर्ने शर्तमा भुसे इटा उद्योगहरुलाई आधुनि प्रविधिमा रुपान्तरण गर्ने प्रयोजनार्थ आधुनिक प्रविधिमा रूपान्तरण हुने कार्ययोजना र सम्बन्धित स्थानी तहको सिफारिस सम्बन्धित उद्योग दर्ता गर्ने निकायमा पेश गर्न लगाई आधुनिक प्रविधिमा रूपान्तरण ग अन्तिम १ (एक) पटकको लागि निर्णय मितिले १ (एक) बर्ष समयसीमा थप गर्ने तथा सो अवधि भित्र आधुनिव प्रविधिमा रूपान्तरण नगर्ने भुसे इटा उद्योगहरूको दर्ता स्वतः खारेज हुने निर्णय गरियो ।

**निर्णय नं. ३ एकल विन्दु सेवा केन्द्र सम्बन्धमा**

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ३५(१) मा औद्योगिक व्यवसाय ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा समयमै सरल, सहज रूपमा एकै थलोबाट उपलब्ध गराउने सम्बन्धमा एकल विन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउनका लागि आवश्यक देहायका विषयहरू समेटी एकल विन्दु सेवा केन्द्र सम्बन्धी विस्तृत खाका तयार गरी राय सुझाव सहितको प्रतिवेदन पेश गर्न उद्योग मन्त्रालयका सचिवको नेतृत्वमा २ (दुई) महिना भित्र सुझाव दिनका लागि निम्न बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

क) कार्यसूची

- एकल विन्दु सेवा केन्द्रको संस्थागत संरचना,
- एकल विन्दु सेवा केन्द्र रहने स्थान,
- एकल विन्दु सेवा केन्द्रको भौतिक बनौट
- केन्द्रका माध्यमबाट उद्योगलाई पुर्याइने सेवा, सुविधा तथा सहुलियत
- केन्द्रमा रहने निकायगत ईकाईहरू र आवश्यक जनशक्ति

ख) कार्यदल

| | |
|---|---|
| १) सचिव, उद्योग मन्त्रालय | - संयोजक |
| २) सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| ३) सहसचिव, उर्जा मन्त्रालय | - सदस्य |
| ४) सहसचिव, वाणिज्य मन्त्रालय | - सदस्य |
| ५) सहसचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | - सदस्य |
| ६) सहसचिव, भुमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |
| ७) सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| ८) सहसचिव, सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| ९) महानिर्देशक, उद्योग विभाग | - सदस्य |
| १०) रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय | - सदस्य |
| ११) प्रतिनिधि (सहसचिव स्तर), नेपाल राष्ट्र बैंक | - सदस्य |